# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७

# पञ्चेश्वर गाउँपालिका
# बैतडी




महालेखापरीक्षकको कार्यालय

काठमाडौँ, नेपाल

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या: २०७६।७७ मिति: २०७७/०३/२८
च.नं. ५४०

विषय: <u>लेखापरीक्षण प्रतिवेदन ।</u>


श्री अध्यक्षज्यू,
पञ्चेश्वर गाउँपालिका
नगर कार्यपालिकाको कार्यालय
बैतडी ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु। आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**

**प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय**

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या:२०७६/७७
च.नं ५४१ मिति: २०७७/३/२८

श्री अध्यक्षज्यू,
पञ्चेश्वर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय, वैतडी ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले पञ्चेश्वर गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तियविवरण र त्यससँग सम्बन्धित अन्य बिबरणले स्थानीयतहसँग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तियबिबरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु.४ करोड ३० लाख ६५ हजार बेरुजु कायम भएको छ । सो मध्ये असुल गर्नुपर्ने रु. १ लाख ३२ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ८२ लाख ३४ हजार, प्रमाण कागजात पेश हुनुपर्ने रु.२ करोड ४६ लाख १६ हजार तथा ८३ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति **२०७६/६/०१** मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया पेश हुन नआएकोले प्रारम्भिक प्रसतिवेदनमा उललेखित बेरुजुका व्यहोराको अन्तिम प्रतिवेदन पाना १६ यसै साथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्षज्यू र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीयविवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

**पञ्चेश्वर गाउँपालिका**

**लेखापरीक्षण प्रतिवेदन**

**२०७५।७६**

**परिचय एव उद्देश्यः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारणी र न्यायिक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन संकलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न प्रजातान्त्रिक प्रकृया, पारदर्शी व्यवहार, जनउत्तरदायी र जनताको सहभागितामा आधारित दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यका लागि स्थानीय तहको स्थापना भएको हो । नेपाल सरकार एवम् स्थानीय तहमै उपलब्ध हुने स्रोत साधनको अधिकतम प्रयोग गरी योजनावद्ध सहभागिता मूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मुख्य उद्देश्य रहेको छ ।

**स्थानीय संचितकोषः –** आर्थिक वर्ष २०७५।७६ स्थानीय संचित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः

| सि. नं. | आय विवरण | रकम | व्यय विवरण | जम्मा खर्च |
|---|---|---|---|---|
| | गत वर्षको अल्या | ८८२६९९८।६४ | | ०० |
| १ | वित्तिय समानिकरण अनुदान | ७४००००००।०० | वित्तिय समानिकरण अनुदान | ८०८७०७३४।०० |
| २ | ससर्त अनूदान | १४३४९४२०५।०० | ससर्त अनूदान | १३३९२२५५९।०० |
| ३ | जेष्ठ नागरिक भत्ता३६५०१५३ | ३६३४५०००।०० | जेष्ठ नागरिक भत्ता३६५०१५३ | ३६३०८९७५।०० |
| ४ | आन्तरीक आम्दानी | ९८८९२६४।१८ | आन्तरीक आम्दानी | ८५७१०८५।०० |
| ५ | विभाज्य कोषको प्राप्त | ४७९००१६७६० | विभाज्य कोषको प्राप्त | ४७९००१६७६० |
| ६ | प्रधानमन्त्रि रोजगार ३७११०८३ | ४०२००००।०० | प्रधानमन्त्रि रोजगार ३७११०८३ | ३८९८३१८।०० |
| ७ | गरिव संग बिशेश्वर ३१२२०५३ | ४९००००।०० | गरिव संग बिशेश्वर ३१२२०५३ | ४६१०००।०० |
| ८ | MSNP | ७७९०००।०० | MSNP | ७७९०००।०० |
| ९ | धरौटी | १३८१५३०।०० | धरौटी | २०१५०० |
| १० | विशेष अनूदान केन्द्र | २५००००००।०० | विशेष अनूदान केन्द्र | २१२४२५५०।० |
| ११ | स्थानीय पूर्वाधार ३६५१६०३ | २९७०००००।०० | स्थानीय पूर्वाधार ३६५१६०३ | २९७०००००।०० |
| १२ | विशेष अनूदान प्रदेश | ४२०००००।०० | विशेष अनूदान प्रदेश | ४२०००००।०० |
| १३ | समपूरक अनूदान प्रदेश | २५०००००।०० | समपूरक अनूदान प्रदेश | ०० |
| १४ | प्रदेश सरकार | ६७२८०००।०० | प्रदेश सरकार | ६७२८०००।०० |
| १५ | प्रदेश राजश्व प्राप्ती | ५२०५९२।०० | प्रदेश राजश्व प्राप्ती | ५२०५९२।०० |
| १६ | शिक्षा विकास निर्देशनालय | ६८००००।०० | शिक्षा विकास निर्देशनालय | ६८००००।०० |
| १६ | अन्य आम्दानी | ७०००।०० | श्रेस्ता अनूसारको मौज्दात | २०४७७२७६।८४ |
| जम्मा : | ३६९७३१७५७४२ | जम्मा : | ३६९७३१७५७४४ | |

| सि. नं. | भौ. नं.र मिति | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|---|
| | | **वित्तीय लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय बमोजिम छन :** | |
| १ | | **बजेट स्वीकृत :-** स्थानीय सरकार सञ्चलन ऐन,२०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाको विनियोजन ऐन,२०७५ गाउँ सभाबाट मिति २०७५।०३।२५ गते स्वीकृत भएको छ । गाउँ सभाबाट नीति तथा कार्यक्रम र बजेट ढिलो गरी पास भएको अवस्थामा गाउँपालिकाले विकास निर्माणतर्फ समयमै खरिद व्यवस्थापन गरी कार्य सम्पन्न गर्न समय लाग्ने देखिन्छ । ऐनमा भएको व्यवस्था बमोजिम प्रत्येक वर्षको असार १० गते भित्र बजेट पास गर्ने व्यवस्था गर्नुपर्दछ । | |
| २ | | **अख्तियारी :-** सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र कार्यापालिका अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई बजेट अख्तियारी दिनुपर्ने व्यवस्था छ । गाउँ सभा तथा कार्यपालिकाले विनियोजित बजेट खर्च गर्ने अख्तियारी प्रमुख प्रशासकिय अधिकृतलाई दिएको छैन । समयमै बजेट खर्च गर्ने अख्तियारी दिई प्रमुख प्रशासकिय अधिकृतलाई कार्य सम्पादन प्रति जिम्मेवार बनाउनु पर्दछ । | |
| ३ | | **वार्षिक खरिद योजना** :- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८ मा कार्यालयले वार्षिक खरिद योजना तयार गरी सो अनुसार मालसमान र सेवा खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्षको खरिद तर्फ योजना तयार गरेको छैन । त्यस्तै,सार्वजनिक खरिद ऐन २०६३ को दफा ७(३) बमोजिम खरिद कार्यको लागि खरिद ईकाई समेत गठन गरेको छैन । ऐन बमोजिम खरिद ईकाई गठन तथा वार्षिक खरिद योजना तयार गरी मालसमान र सेवा खरिद गर्नुपर्दछ । | |
| ४ | | **योजना तर्जुमा र कार्यान्वयन :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानिय स्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत, विषय क्षेत्रगत मध्यकालिन तथा दिर्घकालिन विकास योजनाहरुको सूचीतयार गर्नुपर्ने व्यवस्था गरेको छ । योजना बनाउदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय श्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता दिनुपर्ने | |

| | | | |
|---|---|---|---|
| | | व्यवस्था ऐनले गरेको छ । गाउँपालिकाले यो वर्ष उपरोक्त ऐनले गरेको व्यवस्था बमोजिमका विषयलाई प्राथमिकता दिई मध्यकालिन तथा दिर्घकालिन विकास योजनाहरुको छनौट गरेको छैन । सभाबाट स्वीकृत बजेट तथा कार्यक्रममा अधिकांश स-साना योजनाहरु रहेको, उत्पादनमूलक योजना भन्दा अनुत्पादन तथा वितरणमुखि र नीजि प्रकृतिका योजनाहरु रहेका छन । बजेट तथा कार्यक्रम स्वीकृत गर्दाको समयका योजना तथा कार्यक्रमको रकम समेत आर्थिक वर्षको अन्तमा रकमान्तर गरी स-साना योजना र वितरणमुखि कार्यक्रममा खर्च भएको स्थिति छ । गाउँपालिकाले योजनाको छनौट गरी स्वीकृत गर्दा ऐनले व्यवस्था गरेको विषयलाई ध्यान दिई वितरणमुखि भन्दा उत्पादनमूलक योजनाहरुको छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । | |
| ५ | | **श्रोतको अनुमान तथा बजेट सीमा :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ मा गाउँपालिकाले आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने आय, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, आन्तरिक ऋण तथा अन्य प्रक्षेपण गर्ने, राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानिय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित श्रोत र साधनको सन्तुलित वितरणको खाका तय गर्ने, विषय क्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने व्यवस्था गरेको छ । नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, स्थानीय आर्थिक अवस्था, आन्तरिक आयको अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणको आधार तय गर्नुपर्ने व्यवस्था ऐनले गरेको छ । गाउँपालिकाले यो वर्ष केन्द्र तथा प्रदेशबाट प्राप्त हुने राजस्व बाँडफाँड तथा वित्तीय हस्तान्तरण लगायत आन्तरिक श्रोत तर्फको बजेट तथा कार्यक्रम बनाउँदा बेग्लाबेग्लै श्रोतगत हिसाबमा बजेट तयार गरेको छैन । राजस्व बाँडफाँड, वित्तीय समानिकरण र आन्तरिक श्रोत सबै रकमलाई एउटै बास्केटमा राखि बजेट तथा कार्यक्रमको प्राथमिकता निर्धारण गरी चालु तथा पूँजीगत प्रकृतिको विषयमा खर्च गरेको छ । गाउँपालिकाले राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानिय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित श्रोत र साधनको सन्तुलित वितरणको खाकाको आधारमा बजेटको बाँडफाँड गर्नुपर्दछ । | |
| ६ | | **आन्तरिक लेखा परिक्षण :-**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था उल्लेख छ । गाउँपालिकले ऐनले गरेको व्यवस्था बमोजिम आन्तरिक लेखापरीक्षण गर्नुपर्नेमा आन्तरिक लेखापरिक्षण गराएको छैन । ऐनको मनसाय बमोजिम आन्तरिक लेखापरिक्षण गर्नुपर्दछ । | |
| ७ | | **आन्तरिक नियन्त्रण प्रणाली :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ मा स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलितकानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्ना कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । आन्तरिक नियन्त्रण | |

| | | | |
|---|---|---|---|
| | | प्रणाली तयार गर्दा कामको प्रकृति अनुरुप जोखिम क्षेत्रको पहिचान गर्ने, नियन्त्रणको वातावरण, सूचनाको आदान प्रदान, अनुगमन तथा मूल्यांकन जस्ता विषयलाई समेटनु पर्ने व्यवस्था ऐनले गरेको छ । गाउँपालिकाले ऐनले गरेको व्यवस्था बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याएको छैन । कामको प्रकृति अनुरुप जोखिम क्षेत्रको पहिचान, नियन्त्रणको वातावरण, सुचना आदान प्रदान तथा अनुगमन तथा मूल्यांकन जस्ता विषय समेटिने गरी आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| ८ | | **जिन्सी मूल्यांकन :-** सुदुरपश्चिम प्रदेशको आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयमा रहेको र कुनै श्रोतबाट प्राप्त जिन्सी मालसामानको अद्यावधिक विवरण तयार गरी राख्नु पर्दछ भन्ने व्यवस्था छ । गाउँपालिकाले आफ्नो कार्यालयमा रहेका जिन्सी मालसामानको अद्यावधिक विवरण तयार गरी जिन्सी मूल्यांकन गरि राखेको छैन । नियमले गरेको व्यवस्था बमोजिम जिन्सी मालसामानको अद्यावधिक विवरण तयार गरी जिन्सी मालसामानको मूल्यांकन गरी प्रतिवेदन लिई राख्नु पर्दछ । | |
| ९ | | **तलबि प्रतिवेदन :-**गाउँपालिका र गाउँपालिका अन्तर्गतका स्वस्थ्य, शिक्षा, कृषि, महिला लगायत सबै निकायमा कार्यरत स्थायी कर्मचारीको वार्षिक रुपमा तलवि प्रतिवेदन पास गरेर मात्र तलव भत्ता खर्च लेख्नु पर्दछ । गाउँपालिले यो वर्ष कसैको पनि तलवि प्रतिबेदन पास नगरी रु.६,२०,३४,६०३।- तलब भत्तामा खर्च लेखेको छ । | |
| १० | | **लेखा ढाँचा :-**सार्वजनिक निकायले सार्वजनिक खर्चको लेखा राख्दा नयाँ स्वीकृत लेखा ढाँचा (NEPSAS) बमोजिम श्रेस्ता लेखा तयार गर्नुपर्दछ । नयाँ लेखा ढाँचा आर्थिक वर्ष २०७५।७६ मा स्वीकृत भै लागु भै सकेको अवस्थामा गाउँपालिकाले सो बमोजिम नयाँ लेखा ढाँचामा लेखा तयार गरेको छैन । | |
| ११ | | **भ्रमण अभिलेख** :-गाउँपालिकाले कार्यालयको कामको लागि काजमा खटिने कर्मचारीको अभिलेख प्रष्ट देखिने गरि दैनिक भ्रमण भत्ताको लागि भ्रमण आदेशको लेखाङकन गर्नुपर्दछ । कुन मितिमा कुन कर्मचारी कहाँ गएको थियो , दोहोरो नपर्ने गरि अभिलेख तयार गर्नुपर्नेमा कार्यालयले अभिलेख तयार गरेको छैन । | |
| १२ | | **बेरुजुको अभिलेख** :- गाउँपालिकाले आन्तरिक लेखापरीक्षणबाट औल्याएको बेरुजु विवरण र महालेखापरीक्षकको कार्यालयबाट जारी भएको अन्तिम लेखापरीक्षणको प्रतिवेदन बमोजिमको बेरुजु विवरण देखिने गरि अभिलेख तयार गरि राख्नु पर्नेमा अभिलेख तयार गरि राखेको छैन । | |
| १३ | | **नियमितताको लेखापरीक्षणबाट देखिएको व्यहोराहरु देहाय बमोजिम छन् :-**<br>**स्थानीय संचित कोष :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ मा एक आर्थिक वर्षमा खर्च हुन नसकि बाँकि रहेको रकम आर्थिक वर्षको अन्तमा गाउँपालिकाको | |

| | | | |
|---|---|---|---|
| | | संचित कोषमा स्वत : जम्मा हुनेछ भन्ने व्यवस्था छ । गाउँपालिकाले मूलकोषबाट निकासा लिई खर्च खातामा आम्दानी गरी खर्च गर्ने गरेको छ । आर्थिक वर्षको अन्तमा संघीय संचित कोष तथा प्रदेश संचित कोषमा फिर्ता गर्नुपर्ने रकम बाहेक अन्य शिर्षकहरुको बाँकि रकम स्वतः गाउँपालिकाको संचित कोष (मूल खाता) मा जम्मा हुनुपर्नेमा सो अनुसार जम्मा भएको छैन । गाउँपालिकाले ऐनले गरेको व्यवस्था बमोजिम स्वत : संचित कोषमा जम्मा हुने व्यवस्था गर्नुपर्दछ । | |
| १४ | | **गाउँपालिका (चालु)**<br>**स्थानीय तहका पदाधिकारीको पारिश्रमिक** : नेपालको संबिधानको धारा २२७ मा गाँउ सभा तथा नगर सभाका सदस्यले पाउने सुबिधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार सुरूपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ। उक्त ऐनमा भएको व्यवस्था अनुसार गाउँपालिकाले पदाधिकारीको पारिश्रमिकमा रु.३८,७६,०००।- खर्च गरेको छ। आन्तरिक आय रु.९८,८९,३६४।- रहेको अवस्थामा पदाधिकारीको पारिश्रमिक आन्तरिक आयबाट खर्च नगरी राजस्व बाँडफाँडबाट गरेको छ। गाउँपालिकाले आफ्नो आन्तरिक श्रोत वृद्धि गरी ऐनको मनसाय बमोजिम आन्तरिक श्रोतको आधारमा मासिक पारिश्रमिक दिने व्यवस्था गर्नु पर्दछ । | |
| १५ | | **विशेष अनुदान (संघ)**<br>**गाउँपालिकाको गौरवको आयोजना :** ९।०७६।३।३० सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ७ मा सार्वजनिक निकायले एक वर्ष भन्दा बढी अवधिसम्म संचालन हुने योजना वा आयोजनको लागि खरिद गर्दा वा वार्षिक १० करोड  रुपैंया भन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरुयोजना (Master plan) तयार गर्नपर्ने छ भन्ने व्यवहोरा उल्लेख छ । गाउँपालिकाले आफ्नो गाउँपालिका भित्र गौरवको आयोजनाको रुपमा  “कृषक पाठशाला गर्मा ” लाई अगाडि बढाएको छ । कृषि तरकारी, फलफूल तथा मत्स्यपालन प्रवर्द्धन कार्यक्रहरु गर्ने र अन्ततः कृषक पाठशालाको रुपमा विकास गरी गौरवको आयोजनाको पहिचान दिने गाउँपालिकाको उद्देश्य रहेको छ । यस कार्यक्रमको लागि यो वर्ष कार्यपालिकाको निर्णयबाट गाउँपालिका पूँजीगत तर्फबाट रु.५०,००,०००।- विनियोजन गरेको र विशेष अनुदान (संघ) बाट रु.६०,००,०००।- गरी रु.११००००००।- बजेट रहेकोमा रु.९५८५११९।- खर्च भएको छ । गौरवको आयोजनाको रुपमा अगाडि सारिएको आयोजनामा सर्वप्रथम आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (DPR) अर्थात गुरुयोजना बनाउनु पर्नेमा सो DPR/गुरुयोजना बनाएको छैन । गुरुयोजनाको संगसंगै आयोजना संचालन गरिने क्षेत्रफल एकिन गरी सो क्षेत्रफल भित्रको जग्गाको यथार्थता पत्ता लगाई जग्गाको स्वामित्व गाउँपालिकाको नाउँमा ल्याउनु पर्दछ । हालसम्म यस क्षेत्रको जग्गाको स्वामित्व स्थानीय जनताको नाममा रहीरहेको छ । छोटो अवधिको लागि केहि स्थानीयसंग | |

| | | | |
|---|---|---|---|
| | | सम्झौता गरी करौडौ रुपैंया लगानी गर्दा भविष्यमा आउन सक्ने सम्भावित विवादहरुलाई गाउँपालिकाले सम्बोधन गर्न सकेको छैन । मुआब्जाको विवादले गौरवको आयोजना अलपत्र पर्न सक्ने खतरालाई गाउँपालिकाले बेलैमा ध्यान दिनु जरुरी छ ।<br>गाउँपालिकाले यो वर्ष विशेष अनुदान (संघ) बाट कृषक पाठशाला गर्माको लागि माछापोखरी निर्माण, अनार खेती, केरा खेती र आँप लगायतका बिरुवाहरु लगाउने कार्यक्रम स्वरुप रु.५३२४४७१।- स्वीकृत गरेको छ । ठेक्का व्यवस्थापन गर्नु अगाडि सो कार्यको लागत अनुमान बनाउनु पर्नेमा लागत अनुमान बनाएको छैन । निर्माण व्यावसायीको छनौट गर्न सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम ३० दिनको राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन गर्नुपर्नेमा १५ दिनको सूचना स्थानीय पत्रिकामा निकालेको छ । बढी भन्दा बढी प्रतिस्पर्धाको माध्यमबाट निर्माण व्यावसायी छनौट गर्नुपर्नेमा प्रतिस्पर्धा साघुर्‍याएको छ । कृषक पाठशाला गर्मा भित्र मात्र कार्यक्रम गर्नुपर्नेमा सामाजिक विकास तथा सचेतना समाज, बैतडी (मू.अ.करमा दर्ता नभएको ) मार्फत पुरै गाउँपालिका भरि कार्यक्रम गरेको छ । निर्माण कार्यको योजना, लागत अनुमान तयार गरी कार्य गर्नुपर्नेमा विना योजना, विना लागत अनुमान अनार,केरा र आँपको बिरुवा खरिद गरी गाउँपालिका भरि वितरण गरेको आधारमा रु.५२३१७६७- खर्च गरेको छ । नियमको प्रकृया समेत नपुर्‍याई खरिद कार्य गरेकाले उक्त खरिद कार्यलाई नियमित गर्नुपर्दछ ।<br>सो कार्यको प्राविधिक मूल्यांकन तथा अनुगमन समितिको सिफारिस समेत नभएको अवस्थामा भुक्तानी गरेको छ । | ५२३१७६७.०० |
| १५.१ | | सोहि कार्य कृषक पाठशालाको लागि गाउँपालिका पूँजीगत तर्फबाट रु.५० लाख बजेट विनियोजन भएकोमा कार्यालयले सो रकमलाई पुनः चालु र पूँजीगत तर्फ विभाजन गरेको छ । सो रकम मध्ये रु.१६२५५००।- पूँजीगत तर्फ छुट्याएको छ भने रु.३३७४५००।- चालु तर्फ बाँडफाँड गरी जग्गा भाडामा लिएको खर्च, कर्मचारी व्यवस्थापन, ढुवानी, कार्य संचालन, अनुगमन तथा विविध शिर्षकमा खर्च गरेको छ । गाउँपालिकाको चालु तर्फको कार्यक्रमबाट गर्नुपर्ने कार्यक्रम पूँजीगत तर्फबाट खर्च गरेको रु.४३५३३५२।- लाई नियमित गर्नुपर्दछ । | ४३५३३५२.०० |
| १६ | | **शैक्षिक गुणस्तर सुधार तथा विद्यालय व्यवस्थापन कार्यक्रम :** १०।०७६।३।३० सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३१ मा सार्वजनिक निकायले बिस लाख रुपैंया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्दछ भन्ने व्यवस्था छ । गाउँपालिकाबाट स्वीकृत कार्यक्रममा गाउँपालिकाले तोकेको वडा नं.१ देखि ६ सम्मका ६ वटा प्राथमिक विद्यालयमा बाल उद्यान निर्माण गर्ने रहेको छ । गाउँपालिकाको निर्णय भन्दा बाहिर गएर सार्वजनिक खरिद नियमावलीको व्यवस्था विपरित १५ दिनको सूचना निकालेर गाउँपालिका भित्रका सबै विद्यालय (आधारभुत/माध्यमिक) लाई नै कार्यक्रममा समावेश गर्ने गरी नयाँ प्रविधि सुधार तथा व्यवस्थापन संघ खोडपे पाटनको एक पाटीसंग सम्झौता गरी कार्य गरेको छ । ६ वटा | |

| | | | |
|---|---|---|---|
| | | प्राथमिक विद्यालयमा बाल उद्यान निर्माण गर्ने कार्यक्रमको कार्ययोजना र लागत अनुमान बनाई कार्य गर्नूपर्नेमा कार्यपालिकाले स्वीकृत कार्यक्रम भन्दा बाहिर गै गाउँपालिका भित्रका शिक्षकको क्षमता विकास तालिम SIP निर्माण गर्ने, विद्यालय व्यवस्थापन समितिलाई विद्यालय सुधार योजना अभिमुखिकरण कार्यक्रम, विद्यालय प्रविधि मैत्री कार्यक्रम र केहि विद्यालयमा बाल उद्यान कार्यक्रममा कार्यालयले खर्च गरेको छ । मिति २०७५।११।७ को विशेष अनुदानको मार्गदर्शन बमोजिम यस कार्यक्रमबाट खर्च गर्दा स्थानीय तहबाट प्रस्तावित आयोजनामा खर्च गर्नुपर्नेमा कार्यालयले मार्गदर्शन भन्दा बाहिर गै खर्च गरेको छ । विशेष अनुदान सम्बन्धि कार्यविधि,२०७५ बमोजिम स्थानीय तहबाट प्रस्तावित आयोजनामा खर्च गर्नुपर्दछ । कार्यालयले स्वीकृत कार्यक्रम तथा विशेष अनुदान सम्बन्धि कार्यविधि विपरित हुने गरी उपलब्धि नदेखिने कार्यक्रममा रु.४९७८४९२।- खर्च गरेको छ । तालिम कार्यक्रम र प्रोजेक्टर, wall screen, play station लगायत सामान खरिद गरी र सामान ढुवानीका साधारण भर्पाई राखी बजेट खर्च भएको छ । प्राविधिक मूल्यांकन तथा अनुगमन समितिको मूल्यांकन समेत नगराई भुक्तानी गरेको छ । कार्यविधि, सार्वजनिक खरिद ऐन/नियम तथा कार्यपालिकाको निर्णय विपरितको खर्चलाई नियमित गर्नुपर्दछ । | ४९७८४९२.०० |
| १७ | | **मूल्य अभिवृद्धि कर दाखिला नभएको :** संघीय सरकार /नेपाल सरकारको आर्थिक ऐन,२०७६ ले मिति २०७६ जेठ १५ गते पश्चात निर्माण व्यवसायी /सप्लार्यसलाई भुक्तानी हुने मूल्य अभिवृद्धि करको ५० प्रतिशत मू.अ.कर भुक्तानी भएको समयमा नेपाल सरकारको मूल्य अभिवृद्धि कर कोष खातामा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले देहाय बमोजिमको मूल्य अभिवृद्धि कर भुक्तनी गरेको समयमा सो ऐन बमोजिम कट्टा गरी दाखिला गरेको छैन । देहाय बमोजिम भएको भुक्तानीको मू.अ.कर राजस्व दाखिला भएको प्रमाण पेश गर्नपर्दछ । | ११९८५५३.०० |

| भौचर र मिति | मूल्य अभिवृद्धि कर भुक्तानी |
|---|---|
| ४/०७६/३/२६ | २०७०७९.०० |
| ५/०७६/३/२६ | १६५५७३.०० |
| ७/०७६/३/२६ | ५५२६९९.०० |
| १०/०७६/३/३० | २७३२०२.०० |
| जम्मा | ११९८५५३.०० |

| | | | |
|---|---|---|---|
| १८ | | **उपभोक्ता समितिले डोजर प्रयोग गरेको :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, रोलर, डोजर, ग्रेडर, विटुमिन डिस्ट्रीव्यूटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशिनहरु प्रयोग गर्न नपाईने व्यहोरा उल्लेख छ । लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशीन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्वन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायवाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिनेछ भने व्यवस्था नियमावलीले गरेको छ । नगरपालिका भित्रका अधिकांश उपभोक्ता समितिले सडकको सामान्य (माटो काट्ने) काममा समेत हेभी मेशिन प्रयोग गरेका छन । हेभी | |

<table>
<tr><td></td><td></td><td>मेशिन प्रयोग गरी सडक निर्माण कार्यमा भएको भुक्तानीको केही उदाहरण देहाय वमोजिम छन ।<table><tr><th>भौ.नं. र मिति</th><th>उपभोक्ता समिति</th><th>सडक</th><th>मेशिन</th><th>रकम रु..</th></tr><tr><td>४।०७६।३।२६</td><td>कुलाउ महाकाली सडक नि.उ.स.</td><td>कुलाउ - महाकली सडक</td><td>डोजर</td><td>१७९९९९९।-</td></tr><tr><td>५।०७६।३।२६</td><td>मुवर कोट सडक मोड सुधार उ.प.स.</td><td>मुवर - कोट सडक मोड सुधार</td><td>डोजर</td><td>८९५०५७।-</td></tr></table></td><td></td></tr>
<tr><td>१९</td><td></td><td>आवश्यकताको आधारमा खरिद नभएको : ७।०७६।३।२६ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३१ मा सार्वजनिक निकायले बीस लाख रुपैंया भन्दा बढी लागत भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा बोलपत्रको माध्यमबाट ३० दिनको सूचना राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशन गरी प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था गरेको छ । मालसामान खरिद गर्दा आवश्यकताको पहिचान गरेर मागको आधारमा खरिद गर्नुपर्दछ । कार्यालयले विभिन्न विद्यालयको लागि कम्प्युटर लगायतका सामान रु.५०९४७३८।- बराबरको लागत अनुमान बनाई १५ दिनको सूचना स्थानीय पत्रिकामा प्रकाशन गरी कार्य गराएको छ । विद्यालयबाट माग संकलन गरेको छैन, विद्यालयहरुको भौतिक अवस्थाको मूल्यांकन गरेको छैन । खरिद गरिएका सबै सामान लेखापरिक्षण अवधि २०७६।५।१५ गते सम्म कार्यालयमा नै मौज्दात रही रहेको अवस्थामा रु.५०९८६३२।- केवल बजेट खर्च गर्ने मनसायले मात्र खरिद गरेको देखिएकोले त्यस्तो खर्चलाई नियमित गर्नुपर्दछ ।<br>विशेष अनुदान सम्बन्धि कार्यविधि,२०७५ बमोजिम स्थानीय तहबाट प्रस्तावित आयोजनामा खर्च नभएको, कामको प्राविधिक मूल्यांकन तथा अनुगमन समितिको सिफारिश समेत गरेको छैन ।</td><td>५०९८६३२.००</td></tr>
<tr><td>२०</td><td></td><td>संचित कोष फिर्ता गर्नुपर्ने : गाउँपालिकामा यस आर्थिक वर्षको लागि बजेट खर्च गर्ने अख्तियारी संगै खर्च गर्ने निर्देशिका समेत प्राप्त भएको हुन्छ । अख्तियारी बमोजिम आर्थिक वर्षको अन्तमा खर्च नभै बाँकि रहेको देहायका बजेट शिर्षकहरुको रकम आर्थिक वर्षको अन्तमा नै सम्बन्धित संचित कोष फिर्ता गर्नुपर्नेमा रु.१६०१५८०३।- बराबरको रकम फिर्ता नभएकोले फिर्ता दाखिला गर्नपर्दछ ।<table><tr><th>बजेट शिर्षक/बजेट</th><th>आषाढ मसान्तमा बाँकि रकम</th><th>फिर्ता गर्नुपर्ने संचित कोष</th></tr><tr><td>सर्शत अनुदान ( संघीय)</td><td>९५७१६४६.००</td><td>संघीय संचित कोष</td></tr><tr><td>सामाजिक सुरक्षा</td><td>३६०२५.००</td><td>संघीय संचित कोष</td></tr><tr><td>प्रधानमन्त्रि रोजगार</td><td>१२१६८२.००</td><td>संघीय संचित कोष</td></tr><tr><td>गरिबसंग विशेश्वर</td><td>२९०००.००</td><td>संघीय संचित कोष</td></tr><tr><td>विशेष अनुदान (</td><td>३७५७४५०.००</td><td>संघीय संचित कोष</td></tr></table></td><td>१६०१५८०३.००</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | | केन्द्र) \| \|<br>समपुरक अनुदान ( प्रदेश) \| २५०००००.०० \| प्रदेश संचित कोष<br>जम्मा \| १६०१५८०३.०० \| | |
| २१ | | **योजनाको छनौट :** स्थानीय तहले योजनाको छनौट गर्दा स्थानीय उपभोक्ताको माग बमोजिम योजनाको प्राथमिकिकरण निर्धारण गरी योजना छनौट गर्नुपर्दछ । अनुत्पादक, वितरणमुखी र निजी प्रकृतिका योजना छनौट गर्नु हुदैन भन्ने व्यवस्था निर्देशिकाले गरेको छ । स्थानीय तहबाट संचालित अधिकांश योजना वितरणमुखी र निजी  प्रकृतिको रहेको पाइएको छ । गाउँपालिकाले वडागत क्षमता विकास कार्यक्रमको लागि रु.४५७९०००।- को कार्यक्रमबाट स-सानो रुपमा बजेट विनियोजन गरिएको छ । वितरमुखी कार्यक्रम भन्दा उत्पादन तथा क्षमता अभिवृद्धि गर्ने किसिमको कार्यक्रमको छनौट र कार्यान्वयन गर्नुपर्ने देखिन्छ । | |
| २२ | | **अवलोकन भ्रमण :** २६५।०७६।२।३० गाउँपालिकाले पालिकाको पदाधिकारीहरुको अवलोकनको लागि चितवन, पोखरा, इलाम, दार्जिलिङ लगायतको अवलोकन भ्रमण पूरा गरी रु.७०००००।- खर्च गरेको छ । अवलोकन भ्रमण पूरा भए पश्चात सो को प्रतिवेदन दिइएको छैन । गाउँपालिकाको स्वीकृत कार्यक्रम बमोजिम अवलोकन भ्रमणमा गाडी भाडा देखि खाना तथा बास खर्च सबैको व्यवस्था भएको अवस्थामा पूनः सबै पदाधिकारी/सहभागीले दैनिक भ्रमण भत्ता खर्च बुझेको अवस्था छ । दैनिक भ्रमण भत्ता नै कामको लागि आवश्यक पर्ने यातायात खर्च र बासस्थान खर्चको लागि भएकोले दैनिक भ्रमण भत्ता रु.२६०९२५।- दोहोरो खर्च हुने गरी भएको भुक्तानीलाई नियमित गर्नुपर्दछ । | २६०९२५.०० |
| २३ | | **<u>गाउँपालिका पूँजीगत</u>**<br>**निर्माण उपभोक्ता समितिलाई पेश्की :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(५) मा उपभोक्ता समितिसंग सम्झौता भए पछि सार्वजनिक निकायले त्यस्तो समिति वा समुदायलाई सम्झौता रकमको बढीमा एक तिहाई रकमसम्मको रुपमा पेश्की दिन सक्ने व्यवस्था उल्लेख छ । गाउँपालिकाले सो नियममा भएको व्यवस्था पालना गरेको छैन । सैलोडा-द्वारी सडक निर्माण उपभोक्ता समितिसँग रु.२०,००,०००।- उपलब्ध गराउने गरी भएको सम्झौतामा रु.११,५२,०००।- पेश्की उपलब्ध गराएको छ । नियममा भएको व्यवस्था बमोजिम सम्झौता रकमको बढीमा एक तिहाई रकम मात्र पेश्की उपलब्ध गराई कामको आधारमा पेश्की फछ्र्यौट गर्दै जानुपर्दछ । | |
| २४ | | **प्रतिवेदन प्राप्त नभएको :-** १०१।०७५-१२-२९ गाउँपालिकाले “a survey, mapping and design report on the fesibility study of the rural electrification project ” को लागि रु.३,४०,०००।- भुक्तानी गरेको छ । प्रतिवेदन प्राप्त गरी कार्यालयले सो को मूल्यांकन  साथ दाखिला गरको अवस्थामा मात्र भुक्तानी गर्नुपर्नेमा प्रतिवेदन नै प्राप्त  नभएको अवस्थामा भुक्तानी गरेकोले प्रतिवेदन पेश गराउनु पर्दछ । | ३४००००.०० |

| | | | |
|---|---|---|---|
| २५ | | **सवारी साधन खरिद :-** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम (३) मा सार्वजनिक निकायले खरिद कार्य गर्नु पर्दा आवश्यकताको पहिचान गरि खरिद गर्नुपर्दछ । खरिद कार्यको लागि खरिद योजना तयार गर्ने, लागत अनुमान तयार गर्ने तथा आर्थिक श्रोत र रकमको पहिचान गर्नुपर्ने व्यवस्था नियमावलीले गरेको छ । गाउँपालिकाले यो वर्ष आन्तरिक श्रोत तथा पूँजीगत कार्यक्रमबाट कार्यालय प्रयोजनाको लागि १ थान सवारी साधन र १ थान एम्बुलेन्स खरिद गर्ने गरी रु.६०,००,०००।- को बजेट विनियोजन गरेको छ । विनियोजित बजेटबाट गाउँपालिकाले आवश्यकताको पहिचान नगरी एम्बुलेन्स खरिद गर्ने रकम समेतबाट १ थान Mahindra scorpio 55, 4wd रु.५५,९०,०००।- मा खरिद गरेको छ । आर्थिक श्रोतको अनुमान र आवश्यकतको आधारमा बजेट विनियोजन गरी खरिद गर्नुपर्दछ । | |
| २६ | | **विपद व्यवस्थापन कोष :-** गाउँपालिकाले विपद व्यवस्थापनको लागि यो वर्ष रु.१५,००,०००।- बजेट विनियोजन गरी रु.१३,४०,०००।- खर्च गरेको छ । विपद व्यवस्थापनको छुट्टै कोष खडा गरी सो को कार्यविधि र प्रति कार्य योजना तयार गरी खर्च गर्नु पर्नेमा छुट्टै कोष, कार्यविधि तथा प्रति कार्य योजना तयार नगरी खर्च गरेको छ । गाउँपालिकाले विपद व्यवस्थापन कोषको छुट्टै आय व्यय विवरण साथ कोष खडा गर्नुपर्ने र कोषबाट गरिने खर्चको कार्यविधि तथा कार्य योजना तयार गरी खर्च गर्नुपर्दछ । | |
| २७ | | **आन्तरिक आय :-** गाउँपालिकाले यो वर्ष रु.९८,८९,२६४।- आन्तरिक आय गरेको छ । सो आय मध्ये रु.८९,४५,१४०।- गाउँपालिकामा रहेको डोजर तथा ट्रिपरको भाडा मात्र रहेको छ । आन्तरिक आयको रकमबाट विभिन्न कार्यक्रममा रु.८८,१३,७५०।- खर्च गरेको छ । आन्तरिक आयतर्फको आम्दानी र खर्चको लेखा तोकिएको लेखा ढाँचामा तयार गर्नुपर्दछ । आयतर्फ नगदी रसिदको विवरण र रसिद नियन्त्रण खाता राखी आम्दानी तथा खर्चको लेखा अद्यावधिक गरी राख्नुपर्दछ । | |
| २८ | | **<u>गाउँपालिका (पूँजीगत)</u>**<br>**समपूरक कोष :-** अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ र समपूरक तथा विशेष अनुदान सम्बन्धि कार्यविधि,२०७५ बमोजिम समपूरक कोषको रकम खर्च गर्नु पर्दछ । गाउँपालिकाले यो वर्ष पूँजीगत कार्यक्रमबाट समपूरक कोषमा रु.६०,००,०००।- ट्रान्सफर गरेको छ । समपूरक कोषको कार्यविधि बमोजिम के कस्ता योजनामा के कति रकम आवश्यक पर्ने हो सो को आधारमा रकम खर्च गर्नु पर्नेमा एकमुष्ट रकम जम्मा गरेको छ । कोषको कार्यविधिको आधारमा खर्च गर्नु पर्दछ । | |
| २९ | | **कन्टेन्जेन्सीको अभिलेख :-** गाउँपालिकाले आफ्नो कार्य क्षेत्र भित्र संचालित योजनाहरुको अभिलेख तयार गर्नुपर्दछ । योजनाको महत्वको आधारमा प्राथमिकता निर्धारण गरी बजेट विनियोजन गर्नुपर्दछ । योजनागत कन्टेन्जेन्सीको अभिलेख तयार गरी के कति रकम सो बापत खर्च गर्न सकिने हो एकिन गर्नुपर्दछ । गाउँपालिकाले कन्टेन्जेन्सीको अभिलेख नराखी खर्च गर्दै आएको छ । तोकिएको ढाँचामा कन्टेन्जेन्सीको अभिलेख तयार गर्नुपर्दछ । | |

<table>
<tr><td>३०</td><td></td><td>डोर हाजिर :- २३।०७६-०३-२८ गाउँपालिकाले पूँजीगत कार्यक्रमबाट डोर हाजिरमा सामाजिक परिचालिका र लेखा सहायकलाई काम लगाई रु.७,११,०००।- खर्च गरेको छ । कामको आवश्यकताको पहिचान गरेको छैन, कुन क्षेत्रमा कसलाई के कामको लागि खटाएको र कार्यक्रम स्वीकृत गरी खर्च गर्नुपर्नेमा खर्चको विधि र प्रकृया नपुऱ्याई खर्च गरेकोले उक्त रकमलाई नियमित गर्नुपर्दछ ।</td><td>७११०००.००</td></tr>
<tr><td>३१</td><td></td><td>उपभोक्ता समितिले हेभि-मेसिनको प्रयोग :- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, रोलर, डोजर, ग्रेडर, विटुमिन डिस्ट्रीव्यूटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशिनहरु प्रयोग गर्न नपाईने व्यहोरा उल्लेख छ । लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशीन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्वन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायवाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिनेछ भने व्यवस्था नियमावलीले गरेको छ । नगरपालिका भित्रका अधिकांश उपभोक्ता समितिले सडकको सामान्य (माटो काट्ने) काममा समेत हेभी मेशिन प्रयोग गरेका छन । हेभी मेशिन प्रयोग गरी सडक निर्माण कार्यमा भएको भुक्तानीको केही उदाहरण देहाय वमोजिम छन ।
<table>
<tr><td>भौ.नं. र मिति</td><td>सडक</td><td>निर्माण सेवा</td><td>रकम रु.</td></tr>
<tr><td>२३५।०७६-३-२७</td><td>हटैराज सडक विस्तार</td><td>शिवछडि नागार्जुन नि.से.</td><td>२३२३०५४.००</td></tr>
<tr><td>२४१।०७६-३-३०</td><td>...............</td><td>मन्मोदप निर्माण सेवा</td><td>५६४७१७.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३२</td><td></td><td>मूल्य अभिवृद्धि कर दाखिला नभएको :- संघीय सरकार/नेपाल सरकारको आर्थिक विधेयक,२०७६ बमोजिम मिति २०७६ जेठ १५ गते पश्चात निर्माण व्यवसायी/सप्लायर्सलाई भुक्तानी हुने मूल्य अभिवृद्धि करको ५० प्रतिशत मू.अ.कर भुक्तानी भएको समयमा नेपाल सरकारको मूल्यअभिवृद्धि कर कोष खातामा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ । नगरपालिकाले देहायबमोजिमको कार्यमा रु.३,२४,७१४।-बराबर मूल्य अभिवृद्धि कर भुक्तानी भएकोमा उपर्युक्त ऐन बमोजिम कट्टा गरी जम्मा नगरेकोले भुक्तानी भएको मू.अ.कर सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा जम्मा गरेको प्रमाण पेश गर्नुपर्नुपर्दछ ।
<table>
<tr><td>भौ.नं. र मिति</td><td>मूल्य अभिवृद्धि कर भुक्तानी</td></tr>
<tr><td>२३५।०७६-३-२७</td><td>२६७२५४.००</td></tr>
<tr><td>२४६।०७६-३-३०</td><td>५७४६०.००</td></tr>
<tr><td></td><td>३२४७१४.००</td></tr>
</table></td><td>३२४७१४.००</td></tr>
<tr><td>३३</td><td></td><td>खर्चको औचित्य नभएको :- २४३।०७६-३-३० सार्वजनिक खरिद नियमावली,२०६४ को नियम (३) मा सार्वजनिक निकायले आवश्यकताको पहिचान गरेर मात्र खरिद कार्य गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न ४ वटाको सर्भे गरी DPR प्रतिवेदन तयार गर्नको लागि कार्यालयमा कार्यरत प्रा.स. श्री हर्ष बहादुर चन्दलाई प्रति कि.मी. रु.३५३६१।- को दरमा ७ वटा बाटोको जिम्मेवारी दिई सो कार्य सम्पन्न गरेको भनि रु.४,१५,०००।- भुक्तानी गरेको</td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | | छ । कार्यालयमा कार्यरत कर्मचारीलाई कामको आवश्यकताको आधारमा दैनिक भ्रमण भत्ता पाउने गरी काज खटाई कार्य गराउन सकिनेमा परामर्शदताको रुपमा कार्य गराएको छ । प्रति कि.मी. रु.३५,३६१।- खर्च लेख्ने आधार छैन । कुन बाटोको सर्भे/DPR गर्ने हो, आवश्यकता र महत्वको तथा दीर्घकालिन प्रभाव रहने योजनाको गाउँपालिकाले पहिचान गरी गाउँ सभाबाट निर्णय गराई कार्य गराउनु पर्दछ । कार्यालयमा विद्यमान जनशक्तिले नभ्याएको खण्डमा र कार्यालयमा दक्ष जनशक्ति नभएको अवस्थामा सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रकृया पूरा गरी कार्य गराउनु पर्दछ । केवल खर्च गर्नको लागि मात्र खर्च गर्नु हुदैन । त्यसै गरी सडकको योजनामा यो वर्ष अधिकांश योजनामा माटो काट्ने, ट्र्याक खोल्ने कार्य मात्र भएको छ । उपभोक्ता समितिमार्फत कार्य गराएको अवस्थामा सडक योजनामा भएको सम्झौता बमोजिम उपभोक्ता समितिलाई भुक्तानी भएको अवस्थामा कार्यालयले डोर हाजिरीमा ज्यामी लगाएको भनि रु..७,५८,०००।- खर्च गरेको छ । उपर्युक्त दुवै कार्य सर्भे तथा डोर हाजीरमा भएको खर्चको पुष्ट्याई हुन नसकेकोलेको सोको प्रमाण पेश गर्नुपर्दछ । | ११७३०००.०० |
| ३३.१ | | **DPR खर्च :-** २४४क.०७६-३-३० गाउँपालिकाले विभिन्न ४ वटाको सर्भे, DPR कार्य गरेको भनि सव.इ.श्री लक्ष्मी दत्त भट्टलाई रु.५,८५,०००।- र कन्टेन्जेन्सी (मष्टरोल) बाट कार्य गराएको भनि रु.४,१५,०००।- गरी जम्मा रु.१०,००,०००।- खर्च लेखेकोमा माथि उल्लेखित प्रकृया पूरा नगरेकोले नियमित खर्च मान्न नसकिएकोले नियमित गर्नुपर्दछ । | १०००००० .०० |
| ३४ | | **मेशिनरी औजार खरिद :-** २४६।०७६-३-३० सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३ मा सार्वजनिक निकायले आवश्यकताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले आर्थिक वर्षको अन्तमा रु.४,९९,४६०।- बराबरको सर्भेको सामान फिस्टेल सप्लार्यसंग खरिद गरेको छ । खरिद गरिएमा सबै सामान कार्यालयमा मौज्दात रहेको छ । सामान दाखिला फरक फरक ठाउँमा दाखिला भएकोले गाउँपालिकाले जे जति कार्यक्रमबाट सामान खरिद गरिन्छ, सो को एकिकृत जिन्सी खाता तयार गरी प्रमाणित गरी राख्नु पर्दछ । आवश्यकता र उपयोगिताको आधारमा खरिद गर्नुपर्नेमा सो को पुष्ट्याई हुन नसकेकोले सो को औचित्य पेश गर्नुपर्दछ । | ४९९४६०.०० |
| ३५ | | **गाउँपालिका चालु**<br>**युवा स्वरोजगार कार्यक्रम :-** ३८२।०७६-०३-२३ स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १६ ख. मा गाउँपालिकाको उपाध्यक्षको काम कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ । न्यायिक समितिको संयोजन भई कार्य गर्ने, योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सो को प्रतिवेदन गर्ने, सभा र कार्यपालिकाद्वारा गठित समितिहरुको काममा सहजीकरण र समन्वय गर्ने लगायतका काम, कर्तव्य र अधिकारको व्यवस्था ऐनले गरेको छ । ऐनले पदको गरिमाको आधारमा महत्वपूर्ण भूमिका दिएको र कार्यालयले गरेको कामको अनुगमन गर्ने पदाधिकारी प्रत्यक्ष संग्लन भई कार्यक्रम गरेको बिल भर्पाई संलग्न गरी आफ्नो नाउँमा खर्च लेख्नु स्वाभाविक मानिदैन । युवा स्वरोजगार कार्यक्रम अन्तर्गत | |

| | | | |
|---|---|---|---|
| | | महिला लक्षित कार्यक्रममा वयर जातको वोका खरिद गरी बोका वितरणको सादा बिल भर्पाई संलग्न गरेको, वयर जातका बाखा खरिद गरी वितरण गरेको तथा स-साना श्रृंगार पसललाई अनुदान दिएको जस्ता बिल भर्पाई राखी रु.१०,००,०००।- खर्च लेखेको छ । महिला लक्षित कार्यक्रम भित्र के कस्ता कार्यक्रम गर्ने हो सो को कार्य योजना तयार गर्ने, महिलाको क्षमता विकास गर्ने जस्ता कार्यक्रम संचालन गर्नुपर्नेमा युवा स्वरोजगार कार्यक्रमको कार्ययोजना नै नबनाई केवल बजेट खर्च गर्ने उद्देश्यले गरेको खर्चलाई नियमित खर्च मान्न नसकिएकोले उक्त रकमलाई नियमति गर्नुपर्दछ । | १०००००००.०० |
| ३६ | | **जिन्सी व्यवस्थापन** : आर्थिक कार्यविधि नियमावली ,२०६४ को नियम ४७ मा कार्यालयले खरिद गरी वा नगरी कुनै प्रकारले हस्तान्तरण भएको मालसामानको मूल्य समेत खुलाई ७ दिन भित्र जिन्सी दाखिला गनूपर्ने व्यवस्था छ । कार्यालयले भौ.नं.१८०।०७५।१२।७ मुनलाइट टेक्निकल कम्प्युटर एजुकेसनको विल नं.०२९।०७५।११।१२ मा खरिद डेल ल्यापटप १ को मूल्य रु.६१९४६।९१ मु.अ.कर समेत रु.६९९९८।९८ र प्रिन्टर १ सेट रु.३५३९०।२९ को मु.अ.कर सहित रु.३९९९१।०२ गरी जम्मा रु.१०९९९०।- जिन्सी दाखिला बेगर भुक्तानी गरेको देखिएकोले दाखिला प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्दछ । | १०९९९०.०० |
| ३७ | | **दोहोरो भत्ता :** १९४।०७५।१२।२४ कार्यालयले कुनै पनि कर्मचारीहरुलाई दोहोरो भत्ता दिन नहुने व्यवस्था छ । कार्यालयले देहायका कर्मचारीहरुलाई गाउँपालिकाको निर्णय भनि गाउँपालिकाबाट मासिक भत्ता रु.१५०००।- तथा रु.१००००।- दरले १२ भुक्तानी गरेको देखियो । स्थानीय भत्ता पनि भुक्तानी गरेको देखिएकोले दोहोरो भत्ता खर्च लेखेको देखिन्छ । अतः स्थानीय भत्ता असुल गरी दाखिला गर्नुपर्दछ । | १३२४८०.०० |

| नाम | स्थानीय भत्ता मासिक | महिना | जम्मा |
|---|---|---|---|
| अ.सव.ई श्री लक्ष्मण भट्ट | २७६०।- | १२ | ३३१२०।- |
| प्रा.स. श्री जगत सिंह जाशी | २७६०।- | १२ | ३३१२०।- |
| प्रा.स. श्री हर्ष बहादुर जाशी | २७६०।- | १२ | ३३१२०।- |
| प्रा.स. श्री गंगादत्त भट्ट | २७६०।- | १२ | ३३१२०।- |
| जम्मा | ११०४०।- | | १३२४८०।- |

| | | | |
|---|---|---|---|
| ३८ | | **बिल भर्पाई::** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) अनुसार खर्च गर्दा बिल भरपाई सहित लेखा राखी भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले देहाय अनुसारको कारोबारमा बिल भर्पाई बेगर भुक्तानी गरेको देखिएकोले बिल भर्पाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नु पर्ने देखिएको छ । | |
| | | २९५।०७६।३।५ यूवा स्वरोजगार कार्यक्रम पञ्चेश्वर गाउँपालिका ३८४ वडा २० वटा मौरी घर रु.१०००००।- वितरणको भर्पाई नभएकोले सोको भर्पाइ पेश गर्नुपर्दछ । | १०००००.०० |
| | | ५०।०७६।३।२० आमा सुरक्षा कार्यक्रममा ५ संस्थालाई अनुदान रु.२२७०००।- भुक्तानी खर्च लेखेकोमा भर्पाई छैन । | २२७०००.०० |

<table>
<tr><td>३९</td><td></td><td>सहकारीलाई अनुदान : गाउँपालिकाले अनुदान वितरण गर्दा गैर नाफामूलक संस्थालाई मात्र अनुदान दिने गर्नुपर्दछ । कार्यालयले नाफामूखि व्यवसाय संचालन गरेको गणमेश्वर कृषि सहकारी संस्था लि. लाई रु.२,००,०००।- अनुदान भुक्तानी गरेकोले उक्त खर्चलाई नियमित गर्नुपर्दछ ।</td><td>२०००००.००</td></tr>
<tr><td>४०</td><td></td><td>घर बहाल कर : नेपालको संविधानमा स्थानीय तहले कानून बनाई घर बहाल कर उठाई आन्तरिक आय बढाउन सक्ने व्यवस्था गरेको छ । कार्यालयले घर बहाल कर संघीय संचित कोष दाखिला गर्ने गरेको देखियो । घर बहाल कर आन्तरिक आयमा समावेश गरि आय बढाउनु पर्दछ । यसको केहि उदाहरण निम्न छ :
<table>
<tr><td>भौचर नम्बर</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td rowspan="2">२९९।०७६।३।९ ०७५</td><td>०७५ श्रावण देखि पौष सम्म घर भाडा खर्च रु.४०२००।- को १०% बहाल कर</td><td>४०२०।-</td></tr>
<tr><td>०७५ माघ देखि ०७६ आषाढ ४०२००।- को १०% बहाल कर</td><td>४०२०।-</td></tr>
<tr><td>जम्मा</td><td></td><td>८०४०।-</td></tr>
</table></td><td></td></tr>
<tr><td>४१</td><td></td><td>मूल्य अभिवृद्धि कर :- संघीय सरकार/नेपाल सरकारको आर्थिक ऐन,२०७६ बमोजिम मिति २०७६ जेठ १५ गते पश्चात निर्माण व्यवसायी/सप्लायर्सलाई भुक्तानी हुने मूल्य अभिवृद्धि करको ५० प्रतिशत मू.अ.कर भुक्तानी भएको समयमा नेपाल सरकारको मूल्यअभिवृद्धि कर कोष खातामा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले देहाय बमोजिमको कार्यमा रु.२७८२३।- बराबर मूल्य अभिवृद्धि कर भुक्तानी भएकोमा उपर्युक्त ऐन बमोजिम कट्टा गरी जम्मा नगरेकोले भुक्तानी भएको मू.अ.कर सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा जम्मा गरेको प्रमाण पेश गर्नुपर्दछ ।
<table>
<tr><td>भौ.नं. र मिति</td><td>ठेकेदारको नाम</td><td>विल</td><td>मूल्य अभिवृद्धि कर</td></tr>
<tr><td>३२९।०७६।३।२५</td><td>आदेश स्टेशनरी एण्ड सप्लार्यस बैतडी बिल नं.०६९।०७६।३।४</td><td>६९२००।-</td><td>८९९६।-</td></tr>
<tr><td>४०८।०७६।३।२०</td><td>आदेश स्टेशनरी एण्ड सप्लार्यस बैतडी बिल नं.१०९।०७६।३।४</td><td>८११३०।-</td><td>१०५४६।-</td></tr>
<tr><td>८।०७६।३।२५</td><td>प्रधानमन्त्रि रोजगार कार्यक्रम अन्तर्गत मेशिनरी औजार खरिद जगदम्बा हार्डवेयर धनगढी बिल नं.०६८।०७६।३।१९</td><td></td><td>२३०१।-</td></tr>
<tr><td>१३।०७६।३।२५</td><td>प्रधानमन्त्रि रोजगार कार्यक्रम अन्तर्गत मेशिनरी औजार खरिद दुर्गाशक्ति ट्रेर्डस बिल नं.४३।०७६।३।१९</td><td></td><td>५९८०।-</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>२७८२३।-</td></tr>
</table></td><td>२७८२३.००</td></tr>
<tr><td>४२</td><td></td><td><u>सर्शत अनुदान स्वास्थ्य</u><br>बर्थिङ सेन्टर कर्मचारीको सुविधा :स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत स्थानीय तहबाट संचालन गरिने कार्यक्रमहरुको कार्य संचालन मार्गदर्शन २०७५।७६ मा परिवार</td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | | स्वास्थ्य कार्यक्रममा उल्लेख भए अनुसार करारमा अ.न.मी नियुक्त गर्दा प्रसुति केन्द्र (Birthing centre) हरुमा २४ सै घण्टा प्रसुति सेवा संचालन गर्ने गरी व्यवस्थापन गर्ने, करार सेवा सम्झौता अनुसार TOR बनाई अनुभवि अ.न.मी. लाई प्राथमिकता दिनुपर्ने, बढी प्रसुति केस भएको ठाँउमा पठाउने, वार्षिक ५ जना भन्दा कम प्रसुति केस भएको ठाँउमा नपठाउने व्यवस्था गरेको छ । प्रसुति सेवामा गुणस्तरमा कमि नहोस भनि मासिक तलब रु.२२१७०।-।- निर्धारण गरिएको छ । गाउँपालिका भित्र विभिन्न क्षेत्र समेटी ८ वटा बर्थिङ सेन्टर राखि अ.न.मी.को दरबन्दी व्यवस्था रहेको छ । उक्त कर्मचारीहरुलाई नेपाल सरकारले तोकेको तलब स्केल रु.२२१७०।- दरले तलब भुक्तानी गर्नुपर्नेमा ८ कर्मचारीहरुलाई रु.१५०००।- दरले तलब दिएको देखियो । तोकिएको तलब दिइ कर्मचारीको मनोबल उच्च बनाई सेवा चुस्त दुरुस्त बनाउनु पर्दछ । | |
| ४३ | | **सामाजिक सुरक्षा भत्ता नगद वितरण :** नेपाल सरकारले सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरण गर्नूपर्ने व्यवस्था गरेको छ । कार्यालयले बैंक मार्फत नगरी नगदै वितरण गरेको देखियो । नेपाल सरकारको निर्णय कार्यान्वयन गरी वैंक मार्फत भत्ता वितरण हुनु पर्दछ । साथै प्रत्येक वर्ष सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको प्रत्येक वडाबाट अद्यावद्यिक विवरण लिई वास्तविक तथ्याङकको आधारमा भुक्तानी गर्नुपर्दछ । | |
| ४४ | | **पेश्की बांकी :**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई लिएको पेश्की फछ्र्यौट गर्नु गराउनु पेस्की लिने दिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । कार्यालयले २०७६ आषाढ मसान्तमा बितिय समानीकरण पुँजिगत तफ देहाय अनुसार पेश्की बाँकि देखिएकोले नियमानुसार समयमानै पेश्की फछ्र्यौट हुनु पर्दछ ।<br>पेश्की लिनेको नाम — रकम<br>सुन पातली खानेपानि इन्टेक निर्माण उपभोक्त समिति — ५७६००।-<br>रोडीबैता आरन औजार खरिद उपभोक्त समिति — २५०००।-<br>जम्मा — ८२६००।- | ८२६००.०० |

## नगरपालिकाको सञ्चित कोष विवरण

**अनुसूची १**

**२०७५।७६**

(रु.हजारमा)

| क्रं.स | स्थानीय तह | जिल्ला | गत वर्षको जिम्मेवारी | आय | | | | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | जम्मा आय | चालु खर्च | पूजीँगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५(२+३+४) | ६ | ७ | ८ | ९(६+७+८) | १०(१+५-९) |
| १ | पञ्चेश्वर गाउँपालिका | वैतडी | ८८२७ | ७४००० | २७७००६ | ९८९९ | ३६०९०५ | २८५४५८ | ५३८९८ | ९८९९ | ३४९२५५ | २०४७७ |

**अनुसूची २**

## बेरुजू वर्गीकरण (विनियोजन,राजस्व,धरौटी र अन्य कारोवार)

**२०७५।७६**

**(रु.हजारमा)**

| क्रस | स्थानीय तह | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा स)ख्या | | | दफा स)ख्या | | | दफा स)ख्या | | | असुल गनुंपनें | नियमित गनुंपनें | | | | | पेश्की | | जम्मा |
| | | सै. | ल. | रकम | सै. | ल. | रकम | सै. | ल. | रकम | | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभनां नलिएको | जम्मा | कमंचारी पेश्की | अन्य पेश्की | |
| १ | पञ्चेश्वर गाउँपालिका | २६ | १८ | ४३०६५ | ० | ० | ० | २६ | १८ | ४३०६५ | १३२ | १८२३४ | २४६१६ | ० | ० | ४२८५० | ० | ८३ | ८३ |

**अनुसूची ३**

## अद्यावधिक वेरुजू स्थिति

**२०७५।७६**

**(रु.हजारमा)**

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | पञ्चेश्वर गाउँपालिका | वैतडी | ३०६२९ | ८८७ | २९७४२ | ० | ४३०६५ | ७२८०७ |